# चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यविधि, २०८३

नेपाल सरकार

चिकित्सा शिक्षा आयोग

सानोठिमी, भक्तपुर

Prof.Dr. Devendra Bahadur Khatri
Vice-Chairman

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: २५०८३
दर्ता मिति: २०८३।०३।२२

# चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावनाः** राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. ले दिएको अधिकार प्रयोग गरी चिकित्सा शिक्षा आयोगले यो कार्यविधि बनाई लागु गरेको छ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

## परिच्छेद- एक
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "आयोग" भन्नाले चिकित्सा शिक्षा आयोग सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले आयोगको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(घ) "कर्मचारी" भन्नाले आयोगमा कार्यरत तथा आयोगको काममा परिचालन गरिने कर्मचारी सम्झनु पर्छ ।

(ङ) "कोष" भन्नाले ऐनको दफा ३२ बमोजिमको कोष सम्झनु पर्छ ।

(च) "चिकित्सा शिक्षा" भन्नाले स्वास्थ्य पेशासम्बन्धी सबै विधा र तहका शिक्षा (हेल्थ प्रोफेसनल एजुकेसन) सम्झनु पर्छ ।

(छ) "चिकित्सा शिक्षा विज्ञ" भन्नाले स्वास्थ्य सेवाको कुनै विधामा सेवा, अध्यापन तथा अनुसन्धान गर्ने विशेषज्ञ सम्झनु पर्छ र सो शब्दले चिकित्सा शिक्षा विधि विज्ञलाईसमेत जनाउँछ ।

(ज) "निर्देशक" भन्नाले ऐनको दफा २९ बमोजिमको निर्देशक सम्झनु पर्छ ।

(झ) "निर्देशनालय" वा "बोर्ड" भन्नाले ऐनको दफा २८ बमोजिमको निर्देशनालय वा बोर्ड सम्झनु पर्छ ।

(ञ) "नियमावली" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ सम्झनु पर्छ ।

(ट) "पदाधिकारी" भन्नाले ऐनको दफा २२ र २९ बमोजिमको पदाधिकारी सम्झनु पर्छ । सो शब्दले आयोगको काममा परिचालन हुने अन्य पदाधिकारीसमेत जनाउँछ ।

(ठ) "प्रतिष्ठान" भन्नाले चिकित्सा शिक्षा प्रदान गर्न प्रचलित कानुनबमोजिम स्थापित प्रतिष्ठान सम्झनु पर्छ ।

(ड) "विश्वविद्यालय" भन्नाले चिकित्सा शिक्षा प्रदान गर्न, गराउन प्रचलित कानुनबमोजिम स्थापित विश्वविद्यालय सम्झनु पर्छ ।



Prof.Dr. Devendra Bahadur K
Vice-Chairman

(ढ) "शिक्षण संस्था" भन्नाले प्रचलित कानुनबमोजिम स्थापित चिकित्सा शिक्षा प्रदान गर्ने मेडिकल कलेज वा शिक्षण संस्था सम्झनु पर्छ र सो शब्दले शिक्षण संस्था सञ्चालन गर्न दिइएको विस्तारित कार्यक्रमको अनुमतिसमेत जनाउँछ ।

(ण) "सचिवालय" भन्नाले आयोगको सचिवालय सम्झनु पर्छ ।

(त) "सदस्य-सचिव" भन्नाले आयोगको सदस्य-सचिव सम्झनु पर्छ ।

(थ) "समिति" भन्नाले ऐनको दफा ८ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

## परिच्छेद- दुई

## कोषको स्थापना, उद्देश्य तथा प्रयोग

३. **कोषको स्थापनाः** (१) आयोगको कार्य सञ्चालनको लागि आवश्यक स्रोत सङ्कलन र परिचालन गर्न आयोगमा एक कोष रहने छ ।

(२) यस कार्यविधि अनुसार गरिने सबै खर्चको व्ययभार उपदफा (१) बमोजिमको कोषबाट बेहोरिने छ।

(३) ऐनको दफा ३२ को उपदफा (१) बमोजिमको कोषमा रहने सम्पूर्ण रकम आयोगले तोकेको कुनै "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिने छ ।

४. **कोषको उद्देश्यः** आयोगको आर्थिक कारोबारलाई मितव्ययी, पारदर्शी, प्रभावकारी र जवाफदेही बनाई आवश्यक स्रोत परिचालन गर्नु कोषको उद्देश्य हुने छ ।

५. **कोषको आम्दानीः** (१) कोषमा देहायबमोजिमको रकम आम्दानीको रूपमा जम्मा हुने छः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा सङ्घ, संस्थाबाट सहयोग स्वरूप प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम तथा वस्तुगत सहायता प्राप्त गर्नु अघि आयोगले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने छ ।

(३) कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाको नाम र प्राप्त सहायता रकमसम्बन्धी विवरण वार्षिक रूपमा सार्वजनिक गरिने छ ।

(४) कोषमा जम्मा हुने अन्य रकमको विवरण अनुसूची- १ बमोजिम हुने छ ।

६. **वस्तुगत सहायता सामग्रीः** (१) ऐनको दफा ३२ को उपदफा (२) र (३) को अधिनमा रही कुनै व्यक्ति वा संस्थाबाट नगद बाहेकको वस्तुगत सहायता सामग्री प्राप्त हुन आएमा र त्यसरी प्राप्त सहायता सामग्री आयोगको कार्यमा उपयोग हुने देखिएमा त्यस्तो वस्तुगत सहायता सामग्री आयोगले स्वीकार गर्न सक्ने छ ।

(२) कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामग्रीको प्रचलित मूल्य खोली छुट्टै मौज्दात किताब खडा गरी अभिलेख राख्नुपर्ने छ ।



Prof.Dr. Devendra Bahadur Khatri
Vice-Chairman

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि प्रचलित मूल्य भन्नाले वस्तुगत सहायता सामग्रीको साथमा प्राप्त हुने खरिद बिजक वा मूल्याङ्कनको प्रमाण र ढुवानी लागतसमेतको मूल्यलाई जनाउने छ । मूल्य नखुलाई प्राप्त हुन आएको सहायता सामग्रीको प्रचलित स्थानीय दररेट अनुसारको मूल्यलाई आम्दानीको आधार मानिने छ । सोसमेत नभएमा त्यसरी प्राप्त सहायता सामग्रीको लागि समितिले उचित ठहर गरेको मूल्यलाई कोषको आम्दानीको आधारको रूपमा लिइने छ ।

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

(३) कुनै सहायतामा प्राप्त सामग्री तत्काल प्रयोग गर्न आवश्यक नपर्ने वा नमिल्ने वा लामो समयसम्म भण्डारण गरी राख्नपनि अनुकूल नहुने (सड्ने, बिग्रने, नासिने वा खेर जाने) प्रकृतिको भएमा समितिको निर्णयले त्यस्तो सामग्रीलाई प्रचलित कानुनबमोजिम लिलाम बिक्री गरी प्राप्त रकमलाई कोषको खातामा जम्मा गरिने छ ।

(४) यस दफाबमोजिम प्राप्त भएको वस्तुगत सहायता सामग्रीलाई त्यस्तो सामग्री भण्डारण गर्ने वा प्रयोग गरिने स्थानसम्म पुऱ्याउनका लागि सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति वा संस्थालाई नै अनुरोध गर्न सकिने छ ।

७. **कोषको प्रयोगः** (१) कोषमा जम्मा भएको रकम देहायबमोजिमको कार्यमा प्रयोग गरिने छः-

(क) आयोगको पदाधिकारीको पारिश्रमिक तथा सुविधासम्बन्धी खर्च,

(ख) आयोगका कर्मचारीको तलब भत्ता तथा प्रोत्साहन खर्च,

(ग) आयोगको प्रशासनिक खर्च,

(घ) परीक्षा सञ्चालन खर्च,

(ङ) निर्देशिका, कार्यविधि, विनियम र मापदण्डजस्ता विषयसँग सम्बन्धित खर्च,

(च) जनशक्ति विकास, तालिम, भ्रमण र व्यवस्थापन खर्च,

(छ) चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नुपर्ने राष्ट्रिय नीति, गुणस्तर सुधारसम्बन्धी खर्च,

(ज) प्राज्ञिक उन्नयन, प्रवर्धनात्मक तथा अनुसन्धान खर्च,

(झ) पूर्वाधार निर्माण र विकास खर्च,

(ञ) चिकित्सा शिक्षाको क्षेत्रमा नवीनतम प्रविधिको विकास तथा प्रयोगसम्बन्धी खर्च,

(ट) चिकित्सा शिक्षाका कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय, प्रतिष्ठान र शिक्षण संस्थाको अनुगमन र नियमन खर्च,

(ठ) चिकित्सा शिक्षाको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँगको सहकार्य र समन्वय खर्च,

(ड) आयोगबाट स्वीकृत वार्षिक बजेट योजना र कार्यक्रमसम्बन्धी खर्च,

(ढ) परामर्श सेवा खरिदसम्बन्धी खर्च,



Prof.Dr. Devendra Bahadur Khatri
Vice-Chairman

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

(ण) कानुनबमोजिम गठित समिति तथा समयसमयमा गठन हुने समिति, उपसमिति, कार्यदलसम्बन्धी खर्च,

(त) अदालत वा अन्य कुनै न्यायिक निकायबाट सृजित दायित्वसम्बन्धी खर्च,

(थ) आयोगको नामबाट गरिने अन्य खर्च ।

(२) कोषको रकम खर्च गर्दा आयोगबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार गरिने छ ।

(३) कोषमा मौज्दात रकम एक करोड रूपैयाँ भन्दा घटी हुने भएको अवस्थामा आपतकालीन कार्यबाहेक अन्य प्रयोजनका लागि कोषको रकम प्रयोग गरिने छैन । यस्ती अवस्था सिर्जना भएमा आयोगको बैठकले निर्णय गरेबमोजिम हुने छ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारबाट कुनै विशेष प्रयोजनका निमित रकम कोषमा प्राप्त भएमा सो रकम खर्च गर्न बाधा पर्ने छैन ।

(५) स्वीकृत कार्यक्रमको परिधिभित्र रही औचित्यका आधारमा कार्यक्रमगत रूपमा दश प्रतिशतसम्म रकमान्तर सदस्य-सचिवले गर्न सक्ने छ र सो भन्दा बढी रकमका हकमा समितिले रकमान्तर गर्न सक्ने छ ।

(६) समितिले गरेको रकमान्तर वा कार्यक्रम संशोधन वा परिमार्जन जस्ता विषय आयोगबाट अनुमोदन गर्नुपर्नेछ ।

(७) आयोगको एकीकृत खर्चको मापदण्ड अनुसूची-२ बमोजिम हुने छ ।

८. **कोषको रकम प्रयोग गर्न नपाइने:** आयोगले स्वीकृति नदिएको विषयमा कोषको रकम खर्च गर्न पाइने छैन ।

९. **बैठक भता, विशेष भत्ता र अन्य सुविधाः** (१) प्रचलित कानुनमा व्यवस्था भएको वा आयोग वा समितिको निर्णयबमोजिम गठन भई एकभन्दा बढी निकायको पदाधिकारी समावेस हुने समिति, उपसमिति वा कार्यदलको कार्यालय समय अघि वा पछि बैठक गर्नु परेमा त्यस्तो बैठकमा उपस्थित हुने सदस्यलाई अनुसूची-२ बमोजिमको आयोगको एकीकृत खर्चको मापदण्डमा उल्लिखित दरमा बैठक भत्ता उपलब्ध गराउन सकिने छ ।

तर प्राविधिक वा विज्ञको रूपमा सहभागी हुने सरकारी सेवा बाहिरको सदस्यलाई कार्यालय समयमा उपस्थित भएको भए तापनि बैठक भत्ता दिन बाधा पर्ने छैन ।

(२) यस दफाबमोजिमको बैठकमा सहभागी भए वापत एक व्यक्तिलाई एक दिनमा बढीमा दुई वटासम्मको बैठक भत्ता दिन सकिने छ ।

१०. **भ्रमण र अनुगमन मूल्याङ्कनका लागि अतिरिक्त सुविधाः** (१) आयोगको काममा विशेष दक्षता आवश्यक पर्ने गोप्य प्रकृतिको अध्ययन, अनुसन्धान, छानबिन, जाँचबुझ, मूल्याङ्कन, प्रत्यायनसम्बन्धी कार्य, स्थलगत अनुगमन गरी प्रतिवेदन पेस गर्नुपर्ने अवस्थामा उक्त कार्यमा खटिने विज्ञ वा पदाधिकारी वा कर्मचारीलाई प्रचलित कानुनबमोजिमको दैनिक भ्रमण भत्ताको



Prof.Dr. Devendra Bahadur Khatri
Vice-Chairman

अतिरिक्त अनुसूची-२ बमोजिमको आयोगको एकीकृत खर्चको मापदण्डमा उल्लिखित दरमा अतिरिक्त सुविधा उपलब्ध गराइने छ ।

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

(२) उपदफा (१) को विशेष काममा खटिने विज्ञ वा कर्मचारीले खटिएको स्थानमा भ्रमण गर्दा सरकारी सवारी साधन प्रयोग गरेको अवस्थामा भ्रमण खर्च पाइने छैन ।

(३) दैनिक भ्रमण भत्तासम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले तोकेको प्रचलित नियमबमोजिम हुने छ ।

## परिच्छेद- तीन

## बजेट तथा कार्यक्रम तर्जुमा र स्वीकृति

११. **एकीकृत आर्थिक सङ्केत वर्गीकरणः** (१) आयोगले आन्तरिक स्रोत तर्फको बजेट तथा कार्यक्रम तर्जुमा, आम्दानी, खर्च, सम्पत्ति र दायित्वको लेखाङ्कन तथा प्रतिवेदन तर्जुमा गर्दा स्वीकृत एकीकृत आर्थिक सङ्केत वर्गीकरण र व्याख्याबमोजिम गर्नुपर्ने छ ।

(२) स्वीकृत एकीकृत आर्थिक सङ्केत वर्गीकरण र व्याख्यामा उल्लेखित शीर्षक भन्दा फरक शीर्षकमा बजेट तथा कार्यक्रम तर्जुमा, आम्दानी, खर्च, सम्पत्ति तथा दायित्वको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने भएमा समितिको निर्णयबमोजिम हुने छ ।

(३) आर्थिक सङ्केत तथा वर्गीकरणमा शीर्षक थप गर्दा एकीकृत आर्थिक सङ्केत वर्गीकरणमा व्यवस्था भएको शीर्षकसँग म्यापिङ हुने गरी सोही उपशीर्षकको अन्तमा तीन अङ्क थप गरी स्वीकृत गर्नुपर्ने छ ।

१२. **बजेट तथा कार्यक्रम तर्जुमा र स्वीकृतिः** (१) आयोगले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रत्येक आर्थिक वर्षको लागि स्रोतगत आम्दानी खुल्ने गरी वार्षिक कार्यक्रम र योजना तर्जुमा गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक कार्यक्रम र योजना सदस्य सचिवले तर्जुमा गरी उपाध्यक्ष समक्ष पेश गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम सदस्य सचिवद्वारा पेश भएको वार्षिक कार्यक्रम र योजनाका आधारमा उपाध्यक्षले वार्षिक कार्यक्रम, योजना तथा बजेट तर्जुमा गराइ आयोग समक्ष पेश गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम पेश भएको वार्षिक कार्यक्रम, योजना तथा बजेट आयोगबाट स्वीकृत हुने छ ।

Prof.Dr. Devendra Bahadur Khatri
Vice-Chairman

## परिच्छेद- चार

## कोष सञ्चालन तथा लेखा

१३. **आयोग कोष खाताः** (१) आयोगको सञ्चित कोष खाताको रूपमा आयोग कोष खाता रहने छ ।

(२) उपदफा (१) बमोजिमको खाता सञ्चालनका लागि आयोगले कुनै "क" वर्गको वाणिज्य बैंकमा खाता खोली रकम जम्मा गर्न र आम्दानी खाताबाट रकम स्थानान्तरण गर्न सकिने छ ।

(३) उपदफा (१) बमोजिमको खाताबाट स्वीकृत कार्यक्रम अनुसार खर्च गर्नको लागि आवश्यक रकम कोष तथा लेखा नियन्त्रण कार्यालय अन्तर्गतको खातामा आवश्यक रकम स्थानान्तरण गरिने छ ।

(४) उपदफा (१) बमोजिमको खातामा सोझै रकम जम्मा गर्न वा खर्च गर्न पाइने छैन ।

१४. **आम्दानी खाताः** (१) आयोगलाई प्राप्त हुने रकम जम्मा गर्ने प्रयोजनको लागि आयोगको नाममा आम्दानी खाता रहने छ ।

(२) उपदफा (१) बमोजिमको खाताबाट आयोग कोष खातामा रकम स्थानान्तरण गर्ने बाहेक अन्य खर्च गर्न पाइने छैन ।

(३) आर्थिक वर्षको अन्त्यमा उपदफा (१) बमोजिमको खातामा रहेको मौज्दात आयोग कोष खातामा स्थानान्तरण गरी यो खातालाई शुन्य निक्षेपको अवस्था बनाउनु पर्ने छ ।

१५. **खर्च खाताः** (१) आयोगको खर्च भुक्तानी गर्ने प्रयोजनको लागि कोष तथा लेखा नियन्त्रण कार्यालय अन्तर्गत खर्च खाता रहने छ ।

(२) उपदफा (१) बमोजिमको खातामा आम्दानी खाताबाट रकम स्थानान्तरण गरी नेपाल सरकारबाट स्वीकृत प्रणाली प्रयोग गरी खर्च गरिने छ ।

(३) आर्थिक वर्षको अन्त्यमा यस खातामा रहेको मौज्दात रकम आयोग कोष खातामा स्थानान्तरण गरी यो खातालाई शुन्य निक्षेपको अवस्था बनाउनु पर्ने छ ।

१६. **धरौटी खाताः** (१) आयोगले विभिन्न प्रयोजनको लागि लिएको धरौटी रकम जम्मा गर्ने र फिर्ता गर्ने प्रयोजनको लागि कोष तथा लेखा नियन्त्रण कार्यालयको अन्तर्गतको धरौटी खाता सञ्चालन हुने छ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालनका लागि नेपाल सरकारबाट स्वीकृत प्रणाली प्रयोग गरिने छ ।

(३) उपदफा (१) बमोजिमको खाता महालेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैङ्कको स्वीकृतिमा सञ्चालन हुने छ ।

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

Prof.Dr. Devendra Bahadur Khatri
Vice-Chairman

१७. **कोषको खाता सञ्चालनः** (१) कोषको बैंक खाता आयोगको सदस्य-सचिव वा निजले तोकेको अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख वा प्रमुख नभएको अवस्थामा लेखा अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुने छ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

(२) उपदफा (१) बमोजिम खाता सञ्चालन गर्दा नेपाल सरकारबाट स्वीकृत प्रणाली अवलम्बन गर्नुपर्ने छ ।

(३) आयोगले खाता सञ्चालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गर्नुपर्ने छ ।

(४) बैंक खाता सञ्चालन गर्ने खाता सञ्चालकको दस्तखत नमूनाको प्रमाणीकरण कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्ने छ र सोही दस्तखत नमूनाका आधारमा कारोबार गर्ने बैंकले खाता सञ्चालन गर्ने छ ।

१८. **आयव्ययको लेखा तथा सार्वजनीकरणः** (१) नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुरुप आयोगले कोषको लेखा राख्नु पर्ने छ।

(२) आयोगले कोषको आम्दानी र खर्चको विवरण वार्षिक रूपमा सार्वजनिक गर्नुपर्ने छ ।

## परिच्छेद- पाँच
## राजश्व, शुल्क तथा दस्तुर दाखिला र लेखा

१९. **शुल्क तथा दस्तुर रकम बुझ्ने, दाखिला गर्ने र लेखा राख्ने** : (१) प्रचलित कानुन तथा तोकिएबमोजिम प्राप्त भएको शुल्क तथा दस्तुर तोकिएको बैङ्क खातामा दाखिला गरी सोको अभिलेख प्रचलित कानुनबमोजिमको ढाँचामा राख्नु पर्ने छ ।

(२) शुल्क तथा दस्तुर नन्अपरेटिभ रेभिन्यू एकाउण्टमा दाखिला गर्नुपर्ने छ ।

(३) बैङ्कमा दाखिला गरेको भौचर वा प्रमाण प्राप्त भएका आधारमा मात्र शुल्क तथा दस्तुरको आम्दानी जनाउनु पर्ने छ ।

(४) आयोगको क्षेत्राधिकार भन्दा अन्य विषयमा भुलवस राजश्व, शुल्क तथा दस्तुर जम्मा भएमा वा अन्य निकायमा जम्मा गर्न खोजेको राजश्व, शुल्क तथा दस्तुर, यस आयोगको खातामा दाखिला भएमा वा सेवा लिनको लागि राजश्व, शुल्क तथा दस्तुर जम्मा गर्दा विविध कारणले लाग्ने रकम भन्दा बढी दाखिला हुन गएमा सम्बन्धित निर्देशनालय/शाखाबाट फिर्ता गर्न सकिने लेखी आएमा र वार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा फिर्ता गर्ने प्रयोजनको लागि बजेटको व्यवस्था भएमा, चालु आर्थिक वर्षको भए समितिको निर्णय अनुसार र विगत आर्थिक वर्षको भए आयोगको निर्णय अनुसार फिर्ता गर्न सकिने छ ।



Prof.Dr. Devendra Bahadur Khatri
Vice-Chairman

(५) बैङ्कले राजश्व, शुल्क तथा दस्तुर रकम विद्युतीय माध्यमबाट सङ्कलन र प्रविष्ट गर्दा कुनै त्रुटि भएमा बैंक आफैंले सोही दिन त्यस्तो विवरण संशोधन गर्न सक्नेछ ।

(६) राजश्व दाखिलासम्बन्धी व्यवस्था प्रचलित कानुनबमोजिम हुने छ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

## परिच्छेद- छ

## जिन्सी, भण्डार सञ्चालन र व्यवस्थापन

२०. **आयोगको जिन्सी सञ्चालन** : (१) आयोगको भण्डार सञ्चालन र व्यवस्थापन अन्तर्गत बस्तु, निर्माण कार्य, परामर्श र अन्य सेवा खरिदसम्बन्धी कार्य प्रचलित कानुनबमोजिम हुने छ ।

(२) आयोगमा प्राप्त सामग्रीको निकासा सदस्य-सचिव वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र जिन्सी शाखा प्रमुखबाट हुने छ ।

(३) उपदफा (२) बमोजिम सामग्री निकासा गर्दा मौज्दात किताबमा खर्च अभिलेख जनाई निकासा दिनुपर्ने छ र त्यस्तो सामग्रीको अभिलेख मूल्यलाई कोषको खर्चको रूपमासमेत अभिलेख गरिने छ ।

(४) आयोगको जिन्सी मालसामान तथा तत्सम्बन्धी स्रेस्ता भण्डार हेर्ने शाखा प्रमुखको जिम्मामा रहने छ ।

(५) आयोगको जिन्सी सम्पति लिलाम, मिनाहासम्बन्धी व्यवस्था प्रचलित आर्थिक प्रशासनसम्बन्धी कानुनमा व्यवस्था भएबमोजिम हुने छ ।

(६) आयोगको जिन्सी सम्पतिको जिम्मा, त्यसको लगत, संरक्षण र बरबुझारथ एवम् सम्भार गर्ने गराउने उत्तरदायित्व र जबाफदेहीता सम्बन्धित कर्मचारी र सदस्य सचिवको हुने छ ।

(७) जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाइ सम्पत्ति र जिंन्सी किताबमा लगत तयार गर्ने, अद्यावधिक गर्ने, मूल्य कायम गर्नेलगायतका कार्य आर्थिक प्रशासनसम्बन्धी ऐन तथा नियमावलीबमोजिम हुने छ ।

(८) जिन्सी व्यवस्थापन र लेखा पालनाको लागि आयोगले महालेखा नियन्त्रक कार्यालयबाट तोकिएबमोजिमको प्रणाली प्रयोग गर्ने छ ।

२१. **लेखा परीक्षण**: (१) कोषको आन्तरिक लेखापरीक्षण राष्ट्रिय चिकित्सा शिक्षा ऐनले व्यवस्था गरेबमोजिम आयोगले नियुक्त गरेको लेखापरीक्षकबाट हुने छ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने छ ।

(३) लेखा परीक्षणबाट कायम भएको बेरुजु फर्छ्यौट सम्बन्धमा समिति जिम्मेवार हुने छ ।

Prof.Dr. Devendra Bahadur Khatri
Vice-Chairman

## परिच्छेद- सात

## विविध

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

२२. **सशर्त सहायता** : (१) आयोगको कानुन र सर्त स्वीकार गरी कुनै व्यक्ति वा संस्थाले कोषमा सहायता उपलब्ध गराउन चाहेमा समितिको सिफारिसमा आयोगले निर्णय गरेबमोजिम हुने छ ।

तर नेपाल सरकारले अनुदान उपलब्ध गराउने हकमा यो व्यवस्था लागु हुने छैन ।

(२) उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम वा वस्तुगत सहायता सामग्रीलाई शर्तबमोजिमको शीर्षकअन्तर्गत उपयोग गर्नुपर्ने छ ।

२३. **रकम फ्रिज नहुने तथा आवर्ती कोष (रिवल्विङ्ग फण्ड) को रूपमा रहने** : (१) कोषमा जम्मा भएको रकममध्ये आंशिक वा पूरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहने छ ।

(२) कोषलाई आवर्ती कोष (रिबल्विङ्ग फण्ड) को रूपमा सञ्चालन गरिने छ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि "आवर्ती कोष (रिबल्विङ फण्ड)" भन्नाले कोषबाट खर्च भएको नगद रकम वार्षिक रूपमा बजेट विनियोजन मार्फत सोधभर्ना हुने गरी स्थापना गरिएको कोष सम्झनु पर्छ ।

(३) आयोगको कोषमा नेपाल सरकारबाट सशर्त अनुदानका रूपमा प्राप्त रकम खर्च नभइ बाँकी रहेमा उक्त रकम आर्थिक वर्षको अन्त्यमा फिर्ता गरिने छ ।

२४. **अभिलेख राख्नेः** (१) कोष परिचालन सम्बन्धमा गरेको निर्णय र अन्य काम कारबाहीको अभिलेख दुरुस्त राखु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख राख्ने वा राख्न लगाउने कार्यको जिम्मेवारी सदस्य-सचिवको हुने छ ।

२५. **अनुगमनः** (१) आयोगको आन्तरिक नियन्त्रण प्रणालीलाइ व्यवस्थित गर्न समितिको अध्यक्ष वा निजले तोकेको समितिको अन्य कुनै सदस्यको संयोजकत्वमा समितिको कम्तीमा थप एक सदस्यसमेत संलग्न रहेको अनुगमन टोली खटाई अनुगमन गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम खटिएको अनुगमन टोलीले सत्य तथ्य विवरण सहितको प्रतिवेदन समिति समक्ष पेश गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको प्रतिवेदनसमेतका आधारमा कुनै कमी, कमजोरी भएको देखिएमा त्यसलाई सुधार गर्न समितिले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्ने दायित्व सम्बन्धित पदाधिकारी वा कर्मचारीको कर्तव्य हुने छ ।

Prof.Dr. Devendra Bahadur Kh
Vice-Chairman

२६. **<u>नगद मौज्दात राख्न सक्ने</u>** : आयोगले दैनिक रूपमा गर्नु पर्ने खर्चको लागि पचास हजार रूपैंयासम्म कुनै कर्मचारीको नाममा पेश्की जनाई नगद मौज्दात राख्न सक्ने छ ।

२७. **<u>निर्देशन दिन सक्ने</u>:** (१) आयोगले कोष सञ्चालन सम्बन्धमा निर्देशन दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुने छ ।

२८. **<u>खारेजी र बचाउ</u>:** (१) चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यविधि, २०७७ खारेज गरिएको छ ।

(२) चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यविधि, २०७७ बमोजिम भएका कामकारबाही यसै कार्यविधिबमोजिम भए गरेको मानिने छ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

Prof.Dr. Devendra Bahadur Khatri
Vice-Chairman

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

## अनुसूची- १

(दफा ५ को उपदफा (४) सँग सम्वन्धित)

### कोषमा जम्मा हुने रकमको विवरण

| क.स. | स्रोत | दर |
|---|---|---|
| १. | नेपाल सरकारबाट प्राप्त हुने अनुदान | |
| २. | नेपाल सरकारबाट प्राप्त हुने कर्मचारी तलब, भत्ता लगायतका अनिवार्य दायित्व वापतको रकम | |
| ३. | कुनै व्यक्ति वा सङ्घ, संस्थाबाट सहयोग स्वरूप प्राप्त रकम | |
| ४. | विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त रकम | |
| ५. | आशयपत्र निवेदन वापतः | |
| | (क) एमबिबिएस कार्यक्रम (स्वदेशी लगानी) | रू.१०,००,०००।- |
| | (ख) एमबिबिएस कार्यक्रम (विदेशी लगानी) | रू.२०,००,०००।- |
| | (ग) बिडिएस कार्यक्रम (स्वदेशी लगानी) | रू.५,००,०००।- |
| | (घ) बिडिएस कार्यक्रम (विदेशी लगानी) | रू.१०,००,०००।- |
| | (ङ) अन्य कार्यक्रम (स्वदेशी लगानी) | रू.२,००,०००।- |
| | (च) अन्य कार्यक्रम (विदेशी लगानी) | रू.५,००,०००।- |
| ६. | प्रत्यायन वापत शुल्कः | |
| | (क) एमबिबिएस कार्यक्रम (स्वदेशी लगानी) | रू.५,००,०००।- |
| | (ख) एमबिबिएस कार्यक्रम (विदेशी लगानी) | रू.१०,००,०००।- |
| | (ग) बिडिएस कार्यक्रम (स्वदेशी लगानी) | रू.२,००,०००।- |
| | (घ) बिडिएस कार्यक्रम (विदेशी लगानी) | रू.४,००,०००।- |
| | (ङ) अन्य कार्यक्रम (स्वदेशी लगानी) | रू.१,००,०००।- |
| | (च) अन्य कार्यक्रम (विदेशी लगानी) | रू.२,००,०००।- |
| ७. | आशयपत्र नवीकरण वापतः | |
| | (क) एमबिबिएस कार्यक्रम (स्वदेशी लगानी) | रू.५,००,०००।- |
| | (ख) एमबिबिएस कार्यक्रम (विदेशी लगानी) | रू.१०,००,०००।- |
| | (ग) बिडिएस कार्यक्रम (स्वदेशी लगानी) | रू.२,००,०००।- |
| | (घ) बिडिएस कार्यक्रम (विदेशी लगानी) | रू.५,००,०००।- |
| | (ङ) अन्य कार्यक्रम (स्वदेशी लगानी) | रू.१,००,०००।- |
| | (च) अन्य कार्यक्रम (विदेशी लगानी) | रू.२,००,०००।- |
| ८. | एनबिएमएस कार्यक्रमः | |
| | (क) विद्यार्थी शुल्क (प्रति विद्यार्थी एकमुष्ट) | रू.३,००,०००।- |



Prof.Dr. Devendra Bahadur Khatri
Vice-Chairman

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

| क.स. | स्रोत | दर |
|---|---|---|
| | (ख) प्रमाणपत्र शुल्क (प्रति विद्यार्थी) | रू.४,०००।- |
| | (ग) दीक्षान्त समारोह शुल्क (प्रति विद्यार्थी) | रू.७,५००।- |
| ९. | शिक्षण संस्था अनुगमन शुल्क (तहगत/वार्षिक): | |
| | (क) मेडिकल, डेन्टल | रू.२,००,०००।- |
| | (ख) नर्सिङ | रू.१,००,०००।- |
| | (ग) अन्य (फार्मेसी, पब्लिक हेल्थलगायत) | रू.५०,०००।- |
| १०. | अध्ययन अनुमति पत्रः | |
| | (क) स्नातक तह | रू.३,०००।- |
| | (ख) स्नातकोत्तर तह वा सोभन्दा माथि | रू.५,०००।- |
| | (ग) (उच्चस्तरीय तालिमसमेत) | |
| | (घ) वैदेशिक अध्ययन अनुमतिपत्र विलम्ब शुल्क | तह अनुसार सुरु शुल्कको दोब्बर |
| ११. | एकीकृत प्रवेश परीक्षा शुल्कः | |
| | (क) स्नातक तह वा सो सरह | रू.४,०००।- |
| | (ग) स्नातकोत्तर तह वा सो सरह वा सोभन्दा माथि | रू.५,०००।- |
| | (घ) विदेशी विद्यार्थीका लागि | रू.८,०००।- |
| | (ङ) एकीकृत प्रवेश परीक्षातर्फको विलम्ब शुल्क | तह अनुसार सुरु शुल्कको दोब्बर |
| | (च) खरिद ऐन तथा नियमावलीअनुसारको आवेदनबाट प्राप्त | नियमानुसारको रकम |
| १२. | विविध शुल्कः | |
| | (क) विलम्ब शुल्क (एकीकृत प्रवेश परीक्षा र वैदेशिक अध्ययन अनुमतिपत्र बाहेक) | रू.१,०००।- |
| | (ख) संशोधन शुल्क | रू.१,०००।- |
| | (ग) पुनर्योग शुल्क | रू.१,०००।- |

Prof.Dr. Devendra Bahadur Khatri
Vice-Chairman

अनुसूची- २

(दफा ७ को उपदफा (७), दफा ९ को उपदफा (१) र दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**आयोगको एकीकृत खर्चको मापदण्ड**

१. परीक्षा सञ्चालनको जनशक्ति व्यवस्थापन (एकीकृत प्रवेश परीक्षा र NBMS बोर्ड परीक्षा):

| क्र.स. | विवरण | दर | |
|---|---|---|---|
| १. | लिखित परीक्षा सञ्चालन जनशक्ति व्यवस्थापन | १ घण्टा समयसम्म सञ्चालन हुने परीक्षा | १ घण्टा भन्दा बढी समयसम्म सञ्चालन हुने परीक्षा |
| | (क) पर्यवेक्षक | रू.१२००।- | रू.१५००।- |
| | (ख) सुपरिवेक्षक | रू.१०००।- | रू.१४००।- |
| | (ग) परीक्षा नियन्त्रक/व्यवस्थापक | रू.१०००।- | रू.१४००।- |
| | (घ) केन्द्राध्यक्ष | रू.९००।- | रू.१२००।- |
| | (ङ) उप-केन्द्राध्यक्ष | रू.७५०।- | रू.१०५०।- |
| | (च) सहायक केन्द्राध्यक्ष | रू.६००।- | रू.८००।- |
| | (छ) समन्वयकर्ता (आर्थिक र बायोमेट्रिकसमेत) | रू.६००।- | रू.८००।- |
| | (ज) निरीक्षक | रू.४००।- | रू.५५०।- |
| | (झ) हलुका सवारी चालक | रू.४००।- | रू.५००।- |
| | (ञ) सहयोगी | रू.२५०।- | रू.३५०।- |
| | (ट) प्रहरी निरीक्षक | रू.२००।- | रू.२५०।- |
| | (ठ) प्रहरी नायब निरीक्षक | रू.१९०।- | रू.२००।- |
| | (ड) प्रहरी सहायक निरीक्षक | रू.१८०।- | रू.१९०।- |
| | (ढ) प्रहरी हबलदार | रू.१५०।- | रू.१७०।- |
| | (ण) प्रहरी जवान | रू.१००।- | रू.१५०।- |
| २. | लिखित/प्रयोगात्मक परीक्षा सञ्चालन जनशक्ति व्यवस्थापन | | |
| | (क) कन्भेनर (NBMS सैद्धान्तिक र प्रयोगात्मक परीक्षा प्रति दिन) | | रू.२५००।- |
| | (ख) परीक्षक (NBMS परीक्षक भत्ता प्रति दिन) | क. स्पेसियालिटी तह | रू.४०००।- |
| | | ख. सवस्पेसियालिटी तह | रू.५०००।- |
| | (ग) Senior Facilitator(प्रतिदिन) | | रू.२०००।- |
| | (घ) Facilitator(प्रतिदिन) | | रू.१८००।- |



Prof.Dr. Devendra Bahadur Khatri
Vice-Chairman

नेपाल सरकार चिकित्सा शिक्षा आयोग

<table>
<tr><th>क.स.</th><th colspan="3">विवरण</th><th>दर</th></tr>
<tr><td></td><td>(ङ)</td><td colspan="2">Long Case/Short Case/OSCE/OSPE/TOACS मा सहभागी बिरामी/Simulated बिरामी यातायात खर्च</td><td>रू.१०००।-</td></tr>
<tr><td></td><td rowspan="2">(च)</td><td rowspan="2">NBMS परीक्षाको प्रयोगात्मक परीक्षा सञ्चालनका लागि काठमाडौं उपत्यका बाहिरबाट खटिने विज्ञको आवास खर्च</td><td>१. स्वदेशी विज्ञका लागि प्रतिदिन (बिल पेश गर्न नपर्ने)</td><td>रू.५०००।-</td></tr>
<tr><td></td><td>२. विदेशी विज्ञका लागि प्रतिदिन</td><td>बिलबमोजिम वा प्रतिदिन अधिकतम रू. ८ हजारमा नबढ्ने गरी भुक्तानी गर्ने ।</td></tr>
<tr><td></td><td>(छ)</td><td colspan="3">NBMS परीक्षामा सहभागी स्वदेशी विज्ञलाई भ्रमण खर्च नियमावली अनुसारको दैनिक भ्रमण भत्ता र यातायातको रकमपनि थप उपलब्ध गराइने छ । विदेशी विज्ञलाई यातायातको व्यवस्था आयोगबाट गरिने छ ।</td></tr>
</table>

नोट: १. सार्वजनिक बिदाको दिन सञ्चालन हुने परीक्षामा पचास प्रतिशत रकम थप गरी पारिश्रमिक दिइने छ।

२. कार्यालय सञ्चालन हुने दिन कार्यालय समय अघि वा पछि परीक्षाको काममा खटाइएमा पच्चिस प्रतिशत रकम थप गरी पारिश्रमिक दिइने छ।

२. परीक्षा सञ्चालनसम्बन्धी अन्य खर्चः

| क.स. | विवरण | दर |
|---|---|---|
| १. | विविध (प्रतिकेन्द्र एकमुस्ट) सञ्चार, स्टेशनरी, पानी लगायत | रू.३०००।- |
| २. | अनलाइन एप्लिकेशन भेरिफिकेशन (प्रति परीक्षार्थी) | रू.६।- |
| ३. | केन्द्राध्यक्ष, सुपरिवेक्षक तथा समन्वयकर्ता यातायात खर्च | रू.६००।- |
| ४. | परीक्षार्थीको शारीरिक जाँच (प्रति दिन प्रति चिकित्सक/प्राविधिक) | रू.१०००।- |
| ५. | परीक्षामा प्रश्नपत्र र उत्तरपुस्तिका ढुवानी खर्चः | |
| | १. परीक्षा केन्द्रसम्म उत्तरपुस्तिका ढुवानी खर्च प्रतिकेन्द्र | रू.२०००।- |
| | २. परीक्षा केन्द्रबाट उत्तरपुस्तिका ढुवानी खर्च प्रतिकेन्द्र | रू.२०००।- |
| ६. | एकीकृत प्रवेश परीक्षाका लागि वर्गीकृत तथ्याङ्क तयारी तथा प्रविष्टि, परीक्षाको पूर्व योजना तथा तयारी कार्यको लागि डाटा इन्ट्री गरी विवरण तयार गरेबापत कर्मचारीलाई (प्रति डाटा/प्रति विद्यार्थी)) | रू.१।- |

Prof.Dr. Devendra Bahadur Khatri
Vice-Chairman

३. परीक्षा हलको सेवा शुल्क

| क.स. | विवरण | दर |
|---|---|---|
| १. | प्रति परीक्षार्थी | रू.१०।- |
| २. | नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज (NBMS Board) को प्रयोगात्मक परीक्षा (प्रतिदिन) | रू. ०।- |

४. प्रश्नपत्र तयारी तथा अन्तिमीकरण

| क.स. | विवरण | दर |
|---|---|---|
| १. | **कोरा प्रश्नपत्रः** | |
| | (क) स्नातकोत्तर तहको प्रति कोरा प्रश्नपत्र (प्रति प्रश्न/आइटम) | रू.२००।- |
| | (ख) स्नातक तहको प्रति कोरा प्रश्नपत्र (प्रति प्रश्न/आइटम) | रू.१५०।- |
| | (ग) एनबिएमएस कोरा प्रश्नपत्र (प्रति सेट SAQ & LEQ) | रू.४५००।- |
| | **नोटः** तोकिएको समयभित्र प्रश्न निर्माण गरी बुझाउने विज्ञलाई उल्लिखित पारिश्रमिक दरमा बिस प्रतिशत रकम थप गरी पारिश्रमिक दिइने छ। | |
| २. | **प्रश्नपत्र मोडरेशन र कम्प्युटर प्रविष्टि एनविएमएससमेतः** | |
| | (क) सबै तहको वस्तुगत प्रश्न (प्रति प्रश्न/आइटम) | रू.१२५।- |
| | (ख) एनबिएमएस प्रश्नपत्र (प्रति सेट SAQ & LEQ) | रू.१८००।- |
| | (ग) उत्तरकुञ्जिकाको अन्तिम रूप दिने विज्ञको पारिश्रमिक (प्रति प्रश्न सेटको प्रति उत्तर) | रू.४०।- |
| | (घ) प्रश्नपत्र तयारी तथा सङ्कलनका लागि विज्ञहरूसँग सम्पर्क गर्न तोकिएका व्यक्तिलाई परीक्षा सञ्चार खर्च (प्रति परीक्षा) | रू.५००।- |
| | (ङ) चिकित्सा शिक्षा आयोगबाट सञ्चालन हुने परीक्षाका लागि कोरा प्रश्नपत्र निर्माण गरी चिकित्सा शिक्षा आयोगमा बुझाउन र प्रश्नपत्र मोडरेशन गर्न आउँदा दक्ष विज्ञहरूलाई यातायात खर्च | रू.१०००।- |

५. अतिरिक्त पारिश्रमिक तथा अन्यः

| क.स. | विवरण | कर्मचारीको तह | दर |
|---|---|---|---|
| १. | सबै किसिमका परीक्षाका प्रश्नपत्रको गुरूप्रति निर्माण, छपाई भएको प्रश्नपत्र परीक्षा केन्द्रमा पठाउने तयारी, लिखित परीक्षाको व्यवस्थापन, नतिजा तयारी, प्रकाशन, प्रशासनिक तथा | रा.प.विशिष्ट श्रेणी र रा.प.प्रथम | अर्थ मन्त्रालयद्वारा स्वीकृत कार्य सञ्चालन निर्देशिकाबमोजिम हुने |
| | | रा.प.द्वितीय र तृतीय | |
| | | रा.प. अनंकित | |
| | | श्रेणी विहिन | |



Prof.Dr. Devendra Bahadur Khati
Vice-Chairman

| क.स. | विवरण | कर्मचारीको तह | दर |
|---|---|---|---|
| | व्यवस्थापकीय कार्यमा कार्यालय समय भित्र सिमित समयावधिका कारणले तोकिएको कार्य पूरा गर्न नसकेको अवस्थामा बिहान, साँझ र सार्वजनिक बिदाका दिनमा खटिइने कर्मचारीका लागि पारिश्रमिक | | |
| २. | परीक्षा सञ्चालनसम्बन्धी कार्यको सिलसिलामा प्रश्नपत्र छपाईका लागि सुरक्षण मुद्रणालयमा अघिल्लो दिनको कार्यालय समयदेखि रात बस्नुपर्ने गरी काम गरे वापतको पारिश्रमिक | रा.प.विशिष्ट श्रेणी र रा.प.प्रथम | रू.४०००।- |
| | | रा.प.द्वितीय र तृतीय | रू.३५००।- |
| | | रा.प. अनंकित | रू.३०००।- |
| | | श्रेणिविहिन हलुका सवारी चालक | रू.२०००।- |
| | | श्रेणीविहिन कार्यालय सहयोगी | रू.१५००।- |
| | | परीक्षासम्बन्धी गोप्य कार्य सञ्चालन हुने कार्यकक्षमा चौबिसै घण्टा खटिने सुरक्षाकर्मीलाई प्रतिदिन पारिश्रमिक | रू.१०००।- |

नोटः अतिरिक्त पारिश्रमिक प्राप्त गर्न कार्यालय समय अघि वा पछि कम्तीमा तीन घन्टा काम गरेको तथा तोकिएको मापदण्ड पूरा गरेको हुनुपर्ने छ ।

## ६. उत्तर पुस्तिका सङ्कलन तथा परीक्षणः

| क.स. | विवरण | दर |
|---|---|---|
| १. | उत्तरपुस्तिका रूजु | रू.२।- |
| २. | उत्तरपुस्तिका कोडिङ (प्रति उत्तरपुस्तिका) | रू.२।- |
| ३. | उत्तरखण्ड प्रोशेसिङ तथा डकुमेन्टेसन (प्रति उत्तरपुस्तिका) | रू.५।- |
| ४. | विवरणखण्ड प्रोशेसिङ तथा डकुमेन्टेसन (प्रति उत्तरपुस्तिका) | रू.३।- |
| ५. | उत्तरपुस्तिका डिकोडिङ (प्रति उत्तरपुस्तिका) | रू.२।- |
| ६. | उत्तरपुस्तिका परीक्षणको क्रममा सुपरिवेक्षणको कार्यमा संलग्न हुने पदाधिकारी/अधिकृत कर्मचारीलाई पारिश्रमिक प्रति परीक्षार्थी | रू.४।- |
| ७. | NBMS उत्तर पुस्तिका परीक्षण (प्रति उत्तरपुस्तिका) वस्तुगत र विषयगत दुबै | रू.३००।- |
| ८. | NBMS उत्तर पुस्तिका परीक्षण (रिचेक प्रति उत्तरपुस्तिका) | रू.३००।- |



Prof.Dr. Devendra Bahadur Khatri
Vice-Chairman

**नोट:** तोकिएको समयभित्र उत्तरपुस्तिका परीक्षण गरी बुझाउने परीक्षणकर्तालाई उल्लिखित पारिश्रमिकमा दरको बिस प्रतिशत रकम थप गरी पारिश्रमिक दिइने छ।

७. नतिजा प्रकाशन:

| क.स. | विवरण | दर |
|---|---|---|
| १. | नतिजा प्रकाशन तयारी (प्रति विद्यार्थी) | रू.३।- |
| २. | म्याचिङ रूजु प्रति विद्यार्थी | रू.५०।- |

८. पाठ्यक्रम विकास तथा मूल्याङ्कन:

| क.स. | विवरण | दर |
|---|---|---|
| १. | पाठ्यक्रम प्रारूपको मस्यौदा तयार गर्ने, पाठ्यक्रम पारमार्जन गर्ने, नतिजा विश्लेषण गर्ने दक्ष, विज्ञलाई प्रति दिनको पारिश्रमिक | रू.२५००।- |

९. प्रकाशन:

| क.स. | विवरण | दर |
|---|---|---|
| १. | पाठ्यक्रम, लेख, कार्यविधि, कानुनी भाषा सम्पादन (प्रतिपेज) | अर्थ मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिकाबमोजिम हुने |
| २. | लेख, रचना वा वार्षिक प्रतिवेदन, बुलेटिन लगायतका कागजात टाइपिङ (नेपाली १४ फन्ट, अंग्रेजी १२ फन्ट प्रति पेज) | |
| ३. | कभरपेज डिजाइनिङ | |
| ४. | लेआउट (प्रति पेज) | |
| ५. | लेख, रचना पुनरावलोकन (प्रति लेख) | |
| ६. | विकसित डकुमेन्टको मस्यौदामा पृष्टपोषण | |

१०. थेसिस पुनरावलोकन:

NBMS कार्यक्रमतर्फ थेसिस पुनरावलोकनसम्बन्धी कार्यको पारिश्रमिक

| क.स. | विवरण | दर |
|---|---|---|
| १. | क. स्पेसियालिटी तह (प्रति थेसिस) | रू.७०००।- |
| | ख. सबस्पेसियालिटी तह (प्रति थेसिस) | रू.७०००।- |

Prof.Dr. Devendra Bahadur Kh
Vice-Chairman

११. अनुगमन/निरीक्षणः

| क.स. | विवरण | | | दर |
|---|---|---|---|---|
| १. | विशेष दक्षता आवश्यक पर्ने गोप्य प्रकृतिको अध्ययन, अनुसन्धान, छानबिन, जाँचबुझ, मूल्याङ्कन, प्रत्यायनसम्बन्धी कार्य, स्थलगत अनुगमन गरी प्रतिवेदन पेस गर्नुपर्ने अवस्थामा उक्त कार्यमा खटिने विज्ञ, पदाधिकारी र कर्मचारीलाई अतिरिक्त सुविधा । | क. उपत्यका वा कार्यरत जिल्ला भित्र खाजा तथा यातायात खर्च | पदाधिकारी तथा विज्ञ, सदस्यसचिव, उपसचिव/अधिकृत कर्मचारी, सहायक कर्मचारी | प्रतिदिन रू.२०००।- |
| | | ख. उपत्यका बाहिर वा कार्यरत जिल्ला बाहिर जानुपर्दाको आवास खर्च | पदाधिकारी तथा विज्ञ | प्रतिदिन रू.५०००।- |
| | | | अधिकृत कर्मचारी | प्रतिदिन रू.३०००।- |
| | | | सहायक कर्मचारी | प्रतिदिन रू.२५००।- |
| | | ग. नेपाल सरकारको भ्रमण खर्च नियमावलीमा तोकिए अनुसारको भ्रमण तथा यातायात खर्चसमेत उपलब्ध गराइने छ । | | |

१२. बैठक भत्ताः

| क.स. | विवरण | दर |
|---|---|---|
| १. | आयोगको बैठक | रु.५०००/- |
| २. | कार्यकारी समिति बैठक | रु.२५००/- |
| ३. | निर्देशकले अध्यक्षता गर्ने बैठक | रु.२०००/- |
| ४. | सदस्य-सचिव, उपसचिव वा सोसरह वा अन्य अधिकृतबाट अध्यक्षता हुने बैठक | रु.१५००/- |
| ५. | आयोगले गठन गरेका विभिन्न समिति, कार्यदल, विज्ञ समूह जस्ता समितिहरू | अध्यक्षता गर्ने व्यक्तिको मर्यदाक्रमले दिएको अर्थ मन्त्रालयको स्वीकृत मापदण्डबमोजिम |

नोटः अर्थ मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिकाबमोजिम बैठक भत्ता भुक्तानी हुने ।

Prof.Dr. Devendra Bahadur Khatri
Vice-Chairman